मे.से.सु. श्री डा. जितेन्द्र कंडेल, डडेल्धुरा अस्पताल

श्री भवानी प्रसाद अवस्थी, [illegible]

श्री नन्दलाल जोशी स्वास्थ्य कार्यालय डडेल्धुरा

रामदत्त भट्ट इकाई प्रमुख [illegible] तथा समन्वय [illegible]

श्री खेमराज अवस्थी, उ.वा. वैद्य डडेल्धुरा

श्री मेनका शाही ने.उ.स. महासंघ डडेल्धुरा

श्री दिपकराज भट्ट अध्यक्ष यातायात प्रा.लि.

उद्धव बहादुर देउवा प्र.प्र. तथा स.जि.का.

अध्यक्ष श्री मान बहादुर साउँद, पत्रकार महासंघ डडेल्धुरा

निर्णयहरु:

१) यस डडेल्धुरा जिल्लाको परशुराम न.पा. वडा नं. ८ का विभिन्न बस्तीहरुमा विगत केहि दिन देखी फैलिएको झाडापाखालाको सम्बन्धमा छलफल गरियो । छलफलबाट आज मिति २०७६।०५।०८ गते सम्म जम्मा ८८ जना व्यक्तिहरु प्रभावित भएकोमा स्थानिय स्तरमा परिचालित स्वास्थ्यकर्मी तथा सो को उपचारका लागि स्थापना गरिएको स्वास्थ्य शिविरबाट उपचार प्राप्त गरी घर फर्की स्वास्थ्य लाभ गरिरहेका र उल्लेखित विमारीहरु मध्ये १ जना धनगढी र ४ जनालाई जोगबुडा अस्पतालमा **Refer** गरिएको व्यहोरा मिति २०७६।०५।०५ गते गरिएको स्थलगत अनुगमनबाट जानकारी प्राप्त हुन आयो । उक्त स्थानमा फैलिएको झाडापाखाला ग्रस्त केहि बिरामीहरुको **Sample** परिक्षण गर्दा उक्त **Sample** बाट हैजाको किटाणुहरु समेत पाईएको जानकारी प्राप्त हुन आएको र उक्त स्थानमा रहेका जनताहरुले पिउने पानीको स्रोत नै प्रदुषित रहेकोले झाडापाखालाको माहामारी फैलिएको हुनसक्ने सम्बन्धमा समेत बैठकमा छलफल गरी सो सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो ।

क) उल्लेखित स्थानमा फैलिएको झडापाखाला नियन्त्रण बाहिर नरहेता पनि समयमै सतर्कता अपनाउन नसकिएको खण्डमा उक्त स्थान र जिल्लाका अन्य स्थानहरुमा समेत झाडापाखाला लगाएतका अन्य माहामारी फैलन सक्ने र भयाभह स्थिती समेत आउन सक्ने भएकाले समयमै पर्याप्त औषधी सहितका डाक्टरहरु तथा स्वास्थ्यकर्मीहरुको प्रभावकारी परिचालन गर्ने तर्फ सम्बन्धित निकायहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, समाजिक विकास मन्त्रालय सुदुरपश्चिम प्रदेश, सस्थ्य निर्देशनालय, डडेल्धुरा/जोगबुडा अस्पताल, स्वास्थ्य कार्यालय डडेल्धुरा र विभिन्न स्थानिय तहहरुमा रहेका स्वास्थ्य संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख) उक्त स्थानमा रहेको खानेपानीको श्रोतलाई प्रदुषण रहित रुपमा स्वच्छ पानी वितरण गर्ने व्यवस्था मिलाउन खानेपानी डिभिजन कार्यालयडडेल्धुरा र भौतिक पुर्वाधार विकास मन्त्रालय सुदुपश्चिम प्रदेश लाई अनुरोध गर्ने निर्णय गरियो ।

ग) उल्लेखित स्थानमा फैलिएको झाडापाखाला दुषित पानी र पर्याप्त सरसफाईको कमीले भएको जानकारी हुन आएको हुंदा पानी उमालेर मात्रै पिउन र शौचालयको उचित प्रयोग गर्न सम्बन्धित क्षेत्रका जनतालाई अनुरोध गर्ने र उपरोक्तानुसार गर्न जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्नको लागि सबै स्थानिय तह, रानैतिक दल, पत्रकार, गैर सरकारी संस्था लगाएत सम्बद्ध सबै लाई अनुरोध गर्ने निर्णय गरियो ।

घ) यस डडेल्धुरा जिल्लाको परशुराम न.पा. वडा नं. ८ मा झाडापाखालाको माहामारी भएको तथा जिल्लाका अन्य स्थानहरुमा समेत विभिन्न प्रकारका सरुवा रोग तथा माहामारी फैलीन सक्ने संभावना रहेको तर यस जिल्लामा रहेका डडेल्धुरा अस्पताल, जोगबुडा अस्पताल तथा स्वास्थय कार्यालय डडेल्धुरा र विभिन्न स्थानिय तहहरुमा कार्यरत डाक्टरहरु तथा स्वास्थ्यकर्मीहरु समायोजनका कारण अन्य स्थानमा रमाना भई जानु भएको तथा जाने कममा रहेको हुंदा डाक्टर तथा स्वास्थ्यकर्मीहरुको संख्या दरवन्दीको तुलनामा अत्यन्त कम र कतिपय स्वास्थ्य संस्थामा कनै पनि स्वास्थ्यकर्मी नरहने अवस्था सृजना भएको हुंदा डडेल्धुरा अस्पताल, जोगबुडा अस्पताल र अन्य स्वास्थ्य संस्थाहरुमा दरवन्दी बमोजिमका डाक्टर तथा स्वास्थ्यकर्मीहरुलाई तुरुन्त खटाई पठाई दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौं र सुदुपश्चिम प्रदेश, सामाजीक विकास मन्त्रालय धनगढीलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. यस वर्षको मनसुन शुरुभई मध्य अवस्थामा रहेको प्रतिदिन वर्षा भईरहेको र डडेल्धुरा जिल्लाका भित्री मधेस लगायतका अन्य स्थानहरु समेत बाढी/पहिरोको उच्च जोखिममा रहेको हुँदा बाढी/पहिरो बाट जोखिममा रहेका स्थानमा बसोबास गर्ने जनता तथा स्थानीय तहहरुलाई पूर्ण रुपमा सचेतना अपनाउन तथा बाढीपहिरो लगायतका विपद् एवं माहामारी आईहालेमा तुरुन्त उद्धार, पुर्नस्थापना तथा राहत लगायतका कार्यमा जुट्न एवं जिल्ला स्थित सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी उद्धार, पुर्नस्थापना तथा राहत लगायतका कार्य गर्न सम्पूर्ण जनसमुदाय, स्थानीय तह, राजनैतिक दल, पत्रकार,उद्योग वाणिज्य संघ, नागरिक समाज, सुरक्षा निकाय, विपद्सँग सम्बन्धित गै.स.स. लगायत सम्बद्ध सबैलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. निकट भविष्यमा आउन सक्ने बाढी, पहिरो,माहामारी लगायतका विपद्को व्यवस्थापनको लागि सबै स्थानीय तह, स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समिति, सबै सुरक्षा निकाय, जिल्ला स्थित अस्पतालहरु, स्वास्थ्य कार्यालय, स्वास्थ्य चौकी, नेपाल रेडक्रस सोसाइटी, विपद्संग सम्बन्धित विभिन्न संघ संस्थाहरुले विपद् व्यवस्थापन एवं माहामारी नियन्त्रणका लागि आवश्यक सामाग्रीहरु तथा औषधीहरु तयारी हालतमा राख्ने र कुनै पनि समयमा विपद् एवं माहामारी आइहालेमा सोको व्यवस्थापनमा सक्रियताका साथ जुट्ने निर्णय गरियो ।

४. निकट भविष्यमा आउन सक्ने विपद् एवं माहामारीको व्यवस्थापनको लागि सबै स्थानीय तह, जिल्ला विपद् व्यवस्थापन समिति लगायतले आ-आफ्नो विपद् व्यवस्थापन समिति र विपद् व्यवस्थापन कोषलाई दुरुस्त राखी र विपद् आई हालेमा सोको व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

५.सबै स्थानीय तहहरुलाई आ-आफ्नो क्षेत्र भित्र रहेका सडकहरुलाई नियमित रुपमा सुचारु गर्नको लागि र सडकमा बाढी पहिरोको कारण कुनै स्थानमा अवरोध आईहालेमा तुरुन्त अवरोध हटाई सडक सुचारु गर्न स्काईभेटर, डोजर लगायतका मेसिनरी तथा जनशक्तिहरुलाई तयारी हालतमा राखी आवश्यकता अनुसार परिचालन गरी सडकलाई तुरुन्त सुचारु गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने निर्णय गरियो ।

६. यस जिल्लाको सिमा क्षेत्र भित्र रहेका बुडरदेखि अनारखोली सडकखण्ड र स्याउले देखि कोरालखोला सडक खण्डमा निकट भविष्यमा बाढी पहिरोका कारणबाट आउनसक्ने अवरोधलाई तत्काल हटाई सडक सुचारु गर्ने प्रयोजनको लागि डोजर, स्काईभेटर लगायतका मेसिनरी र जनशक्तिहरुलाई उक्त सडकखण्डमा तयारी हालतमा राखी अवरोध आइहालेमा तुरुन्त परिचालन गर्न सडक डिभिजन कार्यालय कुलपाते, दिपायल डोटीलाई अनुरोध गर्ने निर्णय गरियो ।

७) यस जिल्लाका सवै स्थानिय तहहरुमा सडक विस्तार भए पनि उक्त सडकहरुको अवस्था उपयुक्त भएको नदेखिएकाले भविष्यमा ठूलो विपद् एवं दुर्घटना निम्त्याउने भएकाले तत्काल आ-आफ्नो स्थानिय तहहरुमा रहेका सडकहरुको अवस्था अनुगमन निरिक्षण गरी सडकहरुका मोड सुधार लगाएतका मर्मत निर्माण कार्य गरी दुर्घटना न्यूनिकरण गर्ने तर्फ पहल गर्ने र सवारी साधनहरुमा सिट क्षमता भन्दा बढी यात्रुहरु यात्रा नगर्न आ- आफ्नो क्षेत्रका जनताहरुका लागि सचेतना कार्यक्रम गरी सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने तर्फ आवश्यक सहयोग गर्न सवै स्थानिय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

८) विपदको क्षेत्रमा कार्यरत विभिन्न गै.स.स.हरुले आ-आफ्ना कार्यक्रमहरु सञ्चालन गर्दा सवै स्थानिय तहहरु, जिल्ला विपद् व्यवस्थापन समिति संग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने गराउने र विपद् न्यूनिकरण गर्न जनचेतनाका कार्यक्रमहरु सञ्चालन गरी राहत उद्धार कार्यमा समेत सहयोग पुर्याउन विपद् व्यवस्थापन संग सम्बन्धित गै.स.स.हरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

९) मिति २०७६ बैशाख देखी हालसम्म विपद्बाट पिडितहरुलाई प्रदान गरिएको (मृतकलाई राहत स्वरुप रु. ३,००,०००।- र अन्य पिडितलाई प्रदान गरिएको रकम रु.३७,०००।-) गरी जम्मा रु. ३,३७,०००।- लाई अनुमोदन गर्ने निर्णय गरियो ।